राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
मितिः २०८३/०३/०५ गते

विषयः कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु तथा विविध सम्बन्धमा ।

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः २०८३/०३/०३ गते

प्रस्तावहरुः

१. गाउँसभा आह्वान सम्बन्धमा।
२. आ.व. २०८३/०८४ को बजेट नीति तथा कार्यक्रम सम्बन्धमा।
३. आ.व. २०८३/०८४ को बजेट बजेट तथा कार्यक्रम सम्बन्धमा।
४. राजश्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमा ।
५. विविध ।

निर्णय हुनु पर्ने व्यहोराः

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ बमोजिम आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तथा बजेट प्रस्तुत एवं पारित गर्न गाउँसभाको अधिवेशन आह्वान गर्नु पर्ने भएकोले गाउँसभा सञ्चालनको मिति, समय र स्थान निर्धारण सम्बन्धमा निर्णय गर्नु पर्ने।
२. आर्थिक वर्ष २०८३/०८४ का लागि गाउँपालिकाको विकास, सेवा प्रवाह, सुशासन तथा समृद्धिका लक्ष्यहरू समेटिएको नीति तथा कार्यक्रमको मस्यौदा तयार भएको हुँदा उक्त नीति तथा कार्यक्रम स्वीकृत गरी गाउँसभामा पेश गर्ने सम्बन्धमा निर्णय गर्नु पर्ने।
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तह बजेट तर्जुमा दिग्दर्शन बमोजिम आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने कार्य प्रक्रियामा रहेको हुँदा उपलब्ध स्रोत– साधन, अनुमानित आय, प्राप्त योजना तथा कार्यक्रम प्रस्ताव, विषयगत समितिका सिफारिस तथा गाउँपालिकाको आवश्यकता र प्राथमिकताका आधारमा बजेट तथा कार्यक्रमको मस्यौदा तयार गरी कार्यपालिकामा पेश गर्ने सम्बन्धमा निर्णय गर्नु पर्ने।
४. मिति २०८३/०३/०३ गते बसेको राजश्व परामर्श समितिको बैठकबाट आर्थिक वर्ष २०८३/०८४ का लागि गाउँपालिकाको आन्तरिक आय अभिवृद्धि, राजश्वका दर तथा दायरा सम्बन्धमा पेश भएको प्रतिवेदन प्राप्त भएको हुँदा उक्त प्रतिवेदनमाथि आवश्यक छलफल गरी आगामी आर्थिक वर्षको आर्थिक ऐन तथा बजेट तर्जुमामा समावेश गर्ने सम्बन्धमा निर्णय गर्नु पर्ने।
५. अन्य निर्णयहरु

राजपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गंगदी देउखुरी, दाङ लुम्बिनी प्रदेश, नेपाल

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरु:

१. आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तथा बजेट प्रस्तुत एवं पारित गर्ने प्रयोजनका लागि दोस्रो गाउँसभाको नवौं अधिवेशन मिति २०८३/०३/१० गते, विहान ११:०० बजे राजपुर गाउँपालिकाको सभा हलमा आह्वान गर्ने।

२. आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमको मस्यौदामाथि छलफल गरी आवश्यक संशोधनसहित स्वीकृत गरी गाउँसभामा पेश गर्ने ।

३. बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भै आएका आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रमको प्रस्तावहरूको आवश्यक अध्ययन, विश्लेषण र प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रमको मस्यौदा तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने।

४. मिति २०८३/०३/०३ गते बसेको राजश्व परामर्श समितिबाट पेश भएको प्रतिवेदनमाथि छलफल गरी प्रतिवेदनमा उल्लिखित सुझाव, सिफारिस तथा राजश्व सम्बन्धी प्रस्तावहरूलाई आवश्यक परिमार्जनसहित आर्थिक वर्ष २०८३/०८४ को आर्थिक ऐनमा समावेश गर्ने ।

५. विविध:

क) गुरुङनाका बालविकास केन्द्रमा कार्यरत बालविकास सहजकर्ताको आर्थिक वर्ष २०८२/०८३ को २०८२ श्रावणदेखि २०८३ असार मसान्तसम्मको तलबभत्ता तथा चाडपर्व खर्चसमेत वापत जम्मा रु. २,२१,०००/- (अक्षरेपी दुई लाख एक्काइस हजार रुपैयाँ मात्र) बाल अधिकार आ.वि. सुकौलीनाका मार्फत पारिश्रमिक भुक्तानी हुने गरी बाल अधिकार आ.वि. सुकौली नाकामा अनुदान स्वरूप निकासा गर्ने ।

ख) यस गाउँपालिका अन्तरगत सामुदायिक विद्यालयहरुमा कार्यरत नीजिश्रोत शिक्षकहरुको २०८३ बैशाख देखि २०८३ अषाढ मसान्तसम्मको निकासा हुन बाँकी रकम खाइपाइ आएको दरले हुने गरी विद्यालयको माग फाराम र प्राप्त हाजिरीको आधारमा हिसाव गरी निकासा दिने ।

राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
… दाङ
लुम्बिनी प्रदेश, नेपाल

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

ग) बेला स्वास्थ्य चौकीमा सञ्चालित २४ घण्टा सुत्केरी सेवा नियमित सञ्चालनका लागि बेला स्वास्थ्य चौकीले कार्यालय सहयोगीको रूपमा दैनिक ज्यालादारीमा खटाइएका श्री शकुन्तला चौधरीलाई बेला स्वास्थ्य चौकीको सिफारिस तथा प्रमाणित डोर हाजिरीका आधारमा २०८२/०७/०२ गतेदेखि कार्य गरेको अवधिको दैनिक रु. ७५४/- का दरले सम्बन्धित बजेट शीर्षकबाट ज्याला भुक्तानी गर्ने ।

घ) राजपुर गाउँपालिका गाउँ युवा परिषद् कार्यविधि २०८० को दफा २० मा भएको व्यवस्था बमोजिम यस गाउँपालिकाको युवा परिषद्को कार्यकारी प्रमुखको रुपमा नियुक्त हुने उपाध्यक्ष सेवासुविधा सम्बन्धमा इन्धन र खाजा खर्च बापत नियुक्ति भएको मिति देखि मासिक रु १५,०००/- का दरले उपलब्ध गराउने ।

राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउखुरी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत